# बराहदह सामुदायिक वन उपभोक्ता समूह

**शितगंगा न. पा. वडा नं. ०९, अर्घाखाँची**

# काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०९।१८)

यस सामुदायिक वनको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०७९।०८० जि. व. पै. आपूर्ति समितिबाट फिर्ता र ०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान ३४६ को २१०२.२६ क्यू.फिट काठ र दाउरा ६ चट्टालाई (कायम गरिएको ३ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजे भित्र दाखिला गर्नहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ।

गोर बहादुर लुम्चे

अध्यक्ष

**बराहदह सामुदायिक वन उपभोक्ता समुह**

सम्पर्क: ९७४८३४५५२२

प्रदेश सरक

# बराहदह सामुदायिक वन उपभोक्ता समूह

शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. ०८१।०८२

च.नं.

मिति : २०८१।०९।१८

विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्ध शिलबन्दी बोलपत्र आव्हानको सूचना !

(बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८१।०९।१८)

प्रस्तुत विषयमा यस सामुदायिक वनको व्यवस्थापनको क्रममा आ.व. ०७९/०८० को जि.व.पै. आपूर्ति समितिबाट फिर्ता भएको साल काठ तथा आ.व. ०८०।०८१ मा ढलापडा र पुनरुत्पादन कटान क्षेत्रबाट कटान भई उत्पादन भएका गोलिया काठ, दाउरा शितगंगा-९ स्थित समूहको घाटगद्दी स्थानमा राखिएका विभिन्न जातको गोलिया थान ३४६ को २१०२.२६ क्यू.फिट र साल तथा अन्य दाउरा ६ चट्टालाई कायम गरिएको ३ वटा लटहरु हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रकियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारमा आधारित इच्छुक योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको ३:०० बजे भित्र दाखिला गर्न हुन सूचित गरिन्छ ।

तपसिल

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. १२१८ मिति २०८१।०९।०७ गतेको लिलाम सहमति बमोजिम सूचना प्रकासित

| लट नं. | काठको श्रोत | काठको प्रजाति | स्तर (ग्रेड) | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. ०१/०८१/०८२ | आ.व. ०७९।०८० को आपूर्ति समितिबाट फिर्ता भएको साल काठ र आ.व. ०८०।०८१ को ढलापडा तथा पुनरुत्पादन तर्फका अन्य काठ | साल | A | १ | १३.३४ | १२५० | १६६७५ | १५७,४७८ | |
| | | साल | B | १३ | ९२.३६ | ९०० | ८३१२४ | | |
| | | साल | C | ४४ | १७०.२३ | ६०० | १०२१३८ | | |
| | | साल | D | १७ | २५.८१ | ३०० | ७७४३ | | |
| | | असना | A | ४ | ६७.१० | ४०० | २६८४० | | |
| | | असना | B | ४ | ३६.४७ | ३०० | १०९४१ | | |
| | | असना | C | ३७ | १६९.८६ | १०० | १६९८६ | | |
| | | खोटे सल्ला | A | ६ | ११८.६५ | २५० | २९६६३ | | |
| | | खोटे सल्ला | B | २३ | २०८.५२ | १५० | ३१२७८ | | |
| | | हर्रो | N | २ | १६.१२ | २०० | ३२२४ | | |
| जम्मा | | | | १५१ | ९१८.४६ | | ३२८६१२ | १५७,४७८ | |
| लट नं. ०२/०८१/०८२ | आ.व. ०८०।०८१ को ढलापडा तथा पुनरुत्पादन तर्फका साल काठ | साल | A | ४ | ६९.५३ | १२५० | ८६९१३ | २१३,०९० | |
| | | साल | B | ३५ | ३५५.९८ | ९०० | ३२०३८२ | | |
| | | साल | C | १५४ | ७५३.२६ | ६०० | ४५१९५६ | | |
| | | साल | D | २ | ५.०६ | ३०० | १५१८ | | |
| जम्मा | | | | १९५ | ११८३.८३ | | ८६०७६९ | २१३,०९० | |
| लट नं. ०३/०८१/०८२ | आ.व. ०८०।०८१ को ढलापडा तथा पुनरुत्पादन तर्फका दाउरा | साल | दाउरा | | ४.०० | १२००० | ४८००० | १०५,००० | |
| | | अन्य | दाउरा | | २.०० | ४००० | ८००० | | |
| जम्मा | | | | | ६.०० | | ५६००० | १०५,००० | |

# बराहदह सामुदायिक वन उपभोक्ता समूह

शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/१०/०९ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/१०/१० गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट रु. १००० (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा.वा.बैंक, सन्धिखर्क शाखा, अघाँखाँचीमा रहेको हिसाब नं. ३०५०१०००२६८९००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार शितगंगा-९ स्थित समूहको घाटगद्दी स्थल लामीदमारमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोबार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।१०।१४ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयबाट बिक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा बिक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आब्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्बर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री बराहदह सा.व.उ.स.को काठ, दाउरा लिलाम शिलवन्दी बोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित नीति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८१ साल पौष महिना १८ गते रोज ०५ मा शुभम् ..................................।